जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२६ पृष्ठः ४ | २०८२ भदौ १९ गते बिहीबार (Thursday 04 Sept. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## अछुत भन्दै सिरहाका एक डोम परीवारमाथि कुटपिट



सिरहा, १८ भदौ। अछुत भन्दै सिरहाका एक मलिक(डोम) परीवारमाथि बुधवार विहान कुटपीट भएको छ। सुखिपुर नगरपालिका १० विश्वकर्माचौकस्थित गागन खोला किनारमा बस्ने डोम परिवारमाथि 'विहान–विहानै अछुतको मुखहेर्नु परेको' भन्दै कुटपीट गरेको हो। गणपैत कलिक(डोम) की श्रीमती समुन्द्रा मलिक र ज्वाई संजय मलिकलाई स्थानीय सहदेव महतो, सुकदेव महतो, श्यामसन्दर महतो, नागेन्द्र महतो लगायतका समूहले कुटपीट गरेको वडा अध्यक्ष देव नारायण यादवले बताए।

सहदेव महतो, सुकदेव महतो, श्यामसन्दर महतो, नागेन्द्र महतोको र मलिक परिवारको घर कसहा दहिपौडी सडक अन्तर्गत विश्वकर्मा चौकमा सडक वारिपारी छ। आफ्नो घर अगाडी डोमको घर भएको भन्दै उनीहरु विस्थापीत गराउने प्रयासमा लागिरहेको गणपैतको भनाई रहेको छ। महतोहरुले जसरी भएपनि यहाँबाट उठाएरै छाड्ने भन्दै पटक पटक धाक धम्की दिने, गाली कलौज गर्दै आएको गणपैतले बताए।

उनले भने, 'नागेन्द्र महतोले आफ्नै घर अगाडी मदिरा पसल गरेको छ, हामीलाई पसलमा किनमेल गर्न पनि दिंदैन र राती दारु खाएकाहरुलाई सन्काएर हामीलाई गाली गलौज गर्न लगाउँछ। हामी गरिखाने मान्छे, उनीहरुले होहल्ला गर्न थालेपछि डरले घरभित्रै पसरे बस्नु पर्ने हुन्छ। उनीहरुको हामीलाई जसरी भएपनि यहाँबाट विस्थापीत गर्ने योजना छ।' गएराती सर्प देखिएकाले विहान घर अगाडीको झाडी सफागरिरहेका ज्वाईमाथि एक्कासी हातपात गर्न लागेपछि छुट्याउन गएका समुन्द्रिलाई पनि कुटेको हो।

वडा अध्यक्ष यादवले पनि सहदेव महतोलगायतले यहाँबाट दलित परिवारलाई विस्थापीत गराउन पहिलादेखि नै दुःख दिंदै आएको बताए। घरबाट निस्कने फोहर पानी पाईप लगाएर दलितहरुको घरअगाडी खसाल्ने, घरबाट निस्कने फोहर उनीहरुको घरअगाडी लगेर फाल्ने जस्ता गतिविधि गर्ने गरेको अध्यक्ष यादवले जानकारी दिए। यस विषमा एक साता अघिमात्र इलाका प्रहरी कार्यालय पतारिमा छलफल बोलाएपनि पीडक पक्षमा मानिस उपस्थित नभएको अध्यक्ष यादवले बताए।

उनले भने, 'सहदेव महतोलगायतले दलित परिवारलाई विस्थापीत गराउने खेलमा लागि रहेको थियो, यो आज त्यसको परिणाम स्वरुपको घटना हो। हामीले पनि देखि रहेको छु। यसको छानविन हुनु पर्छ।' कुटीबाट घाइते भएका समुन्द्राको धनगढीमाई नपा ८ कसहास्थित एक निजी स्वास्थ्य संस्थामा उपचार भईरहेको छ। उनको ढाड र गालामा बढी चोट लागेको स्वास्थ्य संस्थाले बताएको छ। डोम परिवार यहाँ कुनै वस्ति नै नभएका बेला १५ वर्ष अघि गोलबजार नगरपालिका १३ दुर्गापुरबाट बसाई सरेर आएका थिए। विस्तारै वस्ति विकास हुन थालेपछि ५–६ वर्ष पहिलामात्र आएका महतो परिवारले डोमहरुलाई दुःख दिने गरेको छ।

यस अघि पनि उनीहरुको करिव ७ लाखभन्दा बढी मुल्यको करिव एक दर्जन सुँगुरलाई विष लगाएर मारिदिएका थिए।

## दुई सय बोरा अनुदानको मल लुकाउने कटारीका व्यापारी पक्राउ

लहान, १८ भदौ। सरहारी अनुदानको मल लुकाएर कालोबजारी गरेको आरोपमा उदयपुरको कटारीबाट एक जना व्यवसायी पक्राउ परेका छन्। सरकारले किसानलाई वितरण गर्न पठाएको २ सय बोरा युरिया मल लुकाएर कालोबजारी गरेको भन्दै कटारीस्थित आशुतोष ट्रेडर्स एन्ड जनरल स्टोर्सका सञ्चालक दिलीप चौधरीलाई प्रहरीले पक्राउ गरेको हो। चौधरीलाई पक्राउ परी अनुसन्धान थालेको उदयपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालय उदयपुरबाट गएको अनुगमन टोलीले चौधरीले सञ्चालन गरेको स्टोर्सबाट गत भदौ १२ गते २ सय बोरा युरिया मल बरामद भएको थियो। किसानलाई उपलब्ध गराउन ल्याइएको युरिया मल लुकाएर राखेको फेला पारेपछि जिल्ला प्रशासन कार्यालयले छानबिन समिति बनाएको थियो। छानबिन समितिले दिएको प्रतिवेदनका आधारमा प्रहरीले अनुसन्धानका लागि व्यवसायी चौधरीलाई नियन्त्रणमा लिएको प्रजिअ लुइँटेलले नेपाल खबरलाई बताए। पक्राउ परेका चौधरीमाथि उदयपुर जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरेर अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय कटारीले जनाएको छ। बरामद भएको युरिया मल नगरपालिकाले वडाहरूमार्फत किसानलाई वितरण गरिसकेको उनले बताए।

## सिरहा सदरमुकाममा प्रादेशिक अस्पतालविरुद्ध प्रदर्शन




**विनय आजाद**

सिरहा, १८ भदौ। सिरहा सदरमुकाममा प्रादेशिक अस्पताल विरुद्ध प्रदर्शन भएको छ। सिरहा विकास मञ्चले बुधबार सदरमुकाममा र्‍याली प्रदर्शन गरेको हो। औरही गाउँपालिका–३ खजनपुरका ६० वर्षीय राजेन्द्र यादवलाई गत भदौ १४ गते बिहान सर्पले टोकेको थियो। त्यसपछि उनी आफै मोटरसाइकल चलाएर अस्पताल पुगेका थिए। तर, त्यहाँका चिकित्सकले उपचार गर्नुको साटो रेफर गरिदिएको र त्यहाँबाट कर्जन्हास्थित फूलकुमारी महतो मेमोरियल अस्पताल लाँदै गर्दा बाटोमै उनको मृत्यु भएको

**–बाँकी दुई पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

### विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरू।

- विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौ.
- व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्डर बैंक विवरण) कसैसँग पनि साझा नगरौ,
- सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
- सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौ,
- खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ मिल्दैन सो बारे जानकारी राखौ.
- फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौ,
- ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौ.
- आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौ.
- खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## पारिवारिक विघटन र समाजको बेवास्ता

सिरहाको लहान नगरपालिका–१ मटियर्वामा भएको अत्यन्त दर्दनाक र हृदयविदारक घटना समाजकै गहिरो घाउको उदाहरण बनेको छ। २३ वर्षीया रञ्जिता चौधरी र उनका पाँच वर्षीय छोरा एरोज चौधरीको मृत्यु र ९ महिनाका अर्का छोराको गम्भीर अवस्था, समाज र राज्य दुवैका लागि एक चेतावनी हो। प्रारम्भिक अनुसन्धान अनुसार, रञ्जिताले आफ्ना दुई नाबालक छोरालाई विष खुवाएर आफूले आत्महत्या गरेकी हुनसक्ने देखिएको छ। यस्तो घटना कुनै एक परिवारको मात्रै होइन, समग्र सामाजिक संरचना, मानसिक स्वास्थ्यप्रति बेवास्ता, र गरिबी–विपन्नता जन्य अवस्थाको भयावह परिणाम हो।

यस्तो घटनाले केवल शोक मात्र होइन, गम्भीर प्रश्नहरू पनि उठाउँछ, के हामी यस्ता पीडितहरूलाई देख्न, सुन्न र बुझ्न असफल भइरहेका छौं? के हाम्रो सामाजिक, पारिवारिक र सरकारी संरचना यति कमजोर भइसकेको छ कि यस्ता घटनाहरू 'सामान्य' बन्दै गएका छन् ? रञ्जिता र उनका पति प्रवीण चौधरी करिब दुई वर्षदेखि लहान बजारमा डेरा लिएर बस्दै आएका थिए। प्रवीण चौधरी ३–४ दिनदेखि सम्पर्कविहीन रहेको प्रहरी जानकारीमा आएको छ। यस्तो परिस्थितिमा महिलाले दुई सन्तानको हत्या गरी आफूले पनि आत्महत्या गर्नुपर्ने अवस्थाको मूल कारणको खोजी हुनु अत्यावश्यक छ। त्यहाँ आर्थिक संकट थियो कि घरेलु हिंसा? मानसिक स्वास्थ्यको समस्या थियो कि सामाजिक तिरस्कार?

हाम्रो समाजमा महिला र बालबालिकाको अवस्था अझै पनि उपेक्षित छ। घरेलु हिंसा, मानसिक तनाव, आर्थिक असुरक्षा र सामाजिक दबाबले गर्दा महिलाहरू जीवनमा निराश हुन्छन् र कहिलेकाहीं यस्तो अमानवीय निर्णय लिन बाध्य हुन्छन्। तर यस्तो बाध्यता वास्तवमै हाम्रो सामूहिक असफलताको परिणाम हो। राज्यले नागरिकको सुरक्षा, सशक्तिकरण र मानसिक स्वास्थ्यको संरक्षण गर्ने जिम्मेवारी लिएको हुन्छ। तर, यस्तो दुर्भाग्यपूर्ण घटनाले देखाउँछ, सुरक्षा न त पारिवारिक थियो, न त सामाजिक, न नै सरकारी। यदि रञ्जिताले कहिँ सुन्ने–बुझ्ने व्यक्ति पाएको भए, सहयोग गर्ने संस्था वा व्यक्तिसम्म पहुँच पाएको भए, सायद आज तीन जनाको जीवन संकटमा पर्ने थिएन।

समाजले यस्ता घटनाहरूलाई केवल समाचारको रूपमा नलिई आत्ममूल्यांकन गर्नुपर्छ। मानसिक स्वास्थ्य र घरेलु हिंसाजस्ता संवेदनशील विषयहरूबारे खुला संवादको आवश्यकता छ। यस्ता संकटमा परेका व्यक्तिहरूलाई तत्काल सहयोग पुऱ्याउन सक्ने सुरक्षा सञ्जाल' निर्माण गर्नु आजको अपरिहार्य आवश्यकता हो। प्रहरी प्रशासनले सत्यको खोजी गर्दै अनुसन्धान जारी राखेको छ। तर प्रहरीको काम मात्रै काफी हुँदैन। स्थानीय तहदेखि केन्द्रीय सरकारसम्मले अब यस्तो घटनालाई गम्भीर रूपमा लिनुपर्छ। साथै, सामाजिक अभियन्ता, गैरसरकारी संस्था, र समुदायकै सक्रिय सहभागिता आवश्यक छ।

यस्तो पीडादायी घटना दोहोरिन नदिन हामी सबैको भूमिका महत्त्वपूर्ण हुन्छ। हामीले प्रत्येक नागरिकलाई सुन्ने, बुझ्ने र संकटको समयमा साथ दिने वातावरण बनाउन सक्नुपर्छ। समाजको कुनै पनि कुनामा कसैले पनि आफूलाई एक्लो' महसुस गर्न नपरोस्। यसैमा मानवता र सभ्य समाजको सार छ।

# हैजा प्रकोप : तीनजना बिरामीको मिर्गौला फेल

**पुष्पराज चौलागाईं**

काठमाडौं, १८ भदौ। हैजा सुन्नासाथ धेरैलाई लाग्न सक्छ, यो सामान्य झाडापखाला हो। तर हैजा कति जटिल रोग हो भन्ने कुरा अस्पतालमा भर्ना भएका बिरामीको अवस्थाले स्पष्ट पार्छ। वीरगञ्जस्थित नारायणी अस्पतालको आईसीयूमा उपचाररत ६ जना बिरामीले यतिबेला मृत्युसँग संघर्ष गरिरहेका छन्। तीमध्ये तीनजनाको निरन्तर डायलाइसिस गर्नुपरेको छ। यसको कारण हो– हैजाले निम्त्याएको गम्भीर जटिलता। झाडापखाला लागेर अस्पताल भर्ना भएका ४० र ५० वर्षीय पुरुष र ३५ वर्षीय महिलाको मिर्गौलाले काम गर्न छोडेर डायलाइसिस गराइरहेका छन्।

तीनैजना बिरामीको शरीरमा युरिया र क्रियाटिनिनको मात्रा अस्वाभाविक रूपमा बढेको थियो। पिसाब बन्द जस्तै भएको थियो। जीवन जोगाउन तत्काल डायलाइसिस सुरु गर्नुपऱ्यो। अस्पतालका प्रवक्ता तथा उपचारमा संलग्न चिकित्सक उदयनारायण सिंहका अनुसार हैजाले जटिलता निम्त्याउँदा शरीरमा पानीको मात्रा कम ( डिहाइड्रेसन) भएपछि मिर्गौलामा समस्या देखिएको हो। डा. सिंह भन्छन्, 'हैजा संक्रमितमा सिभियर डिहाइड्रेसन हुँदा शरीरमा पानीको कमी हुन्छ। जसका कारण मिर्गौलामा जानुपर्ने रगत कम हुन्छ र मिर्गौला फेल हुन्छ। यसलाई हामी एक्युट किड्नी इन्जुरी भन्छौं।'

मिर्गौला फेल भएपछि शरीरमा युरिया र क्रिएटिनिन बढ्ने र मिर्गौलाले पिसाब कम गर्ने वा बन्द पनि हुने अवस्था आउँछ। यस्तो अवस्थामा ज्यान बचाउनका लागि डायलाइसिस गर्नुपर्ने हुन्छ। डा. सिंहका अनुसार तीनपल्ट डायलाइसिस गरेपछि भने उनीहरूको शरीरले विस्तारै प्रतिक्रिया जनाउन थालेको छ। थोरै–थोरै पिसाब आउन थालेको छ। विज्ञका अनुसार हैजाबाट बचेर निको हुने अधिकांशलाई दीर्घकालीन असर भने हुँदैन। तर मिर्गौलामा एकपटक गम्भीर क्षति गर्दा कहिँलेकाहीँ जटिलता निम्त्याउन सक्छ। डा. सिंह भन्छन्, 'अहिलेसम्मको संकेत हेर्दा डाइलाइसिस गराएका मानिसको मिर्गौला फेरि सामान्यतर्फ फर्किन सक्छ भन्ने आशा छ। त्यसका लागि अझै केही दिन पर्खिनुपर्छ।'

हैजाबाट निको हुने धेरैलाई शारीरिक असरसँगै मानसिक असर लामो समय रहन्छ। आईसीयूमा भर्ना भएका वा मृत्यु नजिक पुगेका बिरामीले साइकोलोजिकल तनाव भोग्नुपर्ने सम्भावना बढी हुन्छ। जसका कारण शरीरमा दीर्घकालीन असर नदेखिए पनि एक प्रकारको मानसिक तनाव रहिरहन सक्छ।

**हैजासँग जोडिएका मृत्युबारे विवाद**

नारायणी अस्पतालमा अत्यधिक झाडापखलाको कारण दुईजनाको मृत्यु भइसकेको छ। हैजासँग जोडिएका मृत्युबारे अझै विवाद छ। दुईजनाको मृत्यु पखाला र डिहाइड्रेसनका कारण भएको हो, तर दुवैलाई हैजा भनेर सरकारले पुष्टि गरेको छैन। यद्यपि, उपचारमा संलग्न चिकित्सक भने हैजाको कारणले मृत्यु भएको हुनसक्ने संकेत गर्छन्। डा. सिंहका अनुसार ६ भदौमा एक व्यक्तिको अस्पताल आइपुग्दा नै मृत्यु भइसकेको थियो। तर लक्षण हैजासँग मिल्दोजिल्दो नै थियो। मृत्यु हुने ती व्यक्ति हैजा प्रकोप फैलिएको ठाँउबाट नै आएका थिए। 'सामान्यतया अन्य रोगका कारण एक दिनको झाडापखालाले मानिसको मृत्यु हुँदैन। तर हैजा संक्रमणले शरीरमा अत्यधिक पानीको कमीको कारण मृत्यु हुनसक्छ,' डा. सिंह भन्छन्।

अर्को व्यक्तिको अस्पतालको उपचारको क्रममा मृत्यु भएको थियो। ती व्यक्तिमा पनि झाडापखालाको लक्षण थियो। अस्पतालले गरेको हैजा परीक्षणमा आरडीटी नेगेटिभ देखियो। विज्ञका अनुसार कहिँलेकाहीँ आरडीटीले सही नतिजा नदिन पनि सक्छ। जसका लागि कल्चर परीक्षण गर्न आवश्यक हुन्छ। 'झाडापखलाका कारण दुवैजनाको ज्यान लियो। तर ठ्याक्कै हैजाकै कारणले मृत्यु भएको भन्न सकिएन,' डा. सिंहले थपे। शुक्रबार प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले हैजाबाट वीरगञ्जमा ३ जनाको मृत्यु भएको जानकारी दिएका थिए। तर, स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकी भने हैजाकै कारण मृत्यु नभएको दाबी गर्छन्।

'एकजनाको घरमा मृत्यु भएको थियो। सरकारी र निजी अस्पतालमा एक–एकजनाको मृत्यु भएको जानकारी प्राप्त भएको छ। तर उनीहरूको हैजाको कारण मृत्यु भएको पुष्टि भएको छैन,' डा. बुढाथोकीले भने। यस विषयमा मन्त्रालयबाट थप अध्ययन भइरहेको उनले बताए। जनस्वास्थ्य विज्ञ डा. बाबुराम मरासिनी हैजा संक्रमितको मृत्यु भएको विषयलाई लुकाउन खोजेको अनुमान गर्छन्। 'बिरामीमा संक्रमण पुष्टि भइसकेको छ। प्रधानमन्त्रीले समेत बोलिसक्नुभएको छ। उहाँलाई केही सूचना नभई त बोल्नुभएन होला नि,' डा. मरासिनीले भने। 'पर्साका पनि खानेपानी लगायतका अन्य मन्त्री छन्। यस्तो अवस्था आउँदा आम नागरिकले प्रश्न उठाउन सक्छन् भनेर मृत्युको विषयलाई छलछाम गरिएको हो,' डा. मरासिनी भन्छन्।

**दुई हप्तासम्म पनि संक्रमणको स्रोत पत्ता लागेन**

हैजाबाट वीरगञ्ज महानगरपालिका–१२, १३ बढी प्रभावित छ। तर संक्रमण कहाँबाट फैलियो भन्ने दुई साता बित्तिसक्दा पनि पत्ता लाग्न सकेको छैन। खानेपानी पाइपमा ढलको दूषित पानी मिसिँदा हैजा फैलिएको आशंका विज्ञहरूले गरेका छन्। नारायणी अस्पतालमा हैजाको लक्षण लिएर आएका सयभन्दा बढी बिरामीले सरकारी खानेपानी संस्थाको पानी पिएको बताएका छन्। अस्पतालका उपचारमा संलग्न एक वरिष्ठ चिकित्सक भन्छन्, 'खानेपानीको पाइपलाइनमा नालाको पानी मिसिएर संक्रमण फैलिएको देखिन्छ।' वडा १२, १३ वडामा सरकारी खानेपानी दुई किलोमिटर माथिबाट आउने गर्छ। ट्यांकी भएको पानी जमिनमुनिको पाइपबाट आउने गरेको छ। त्योसँगै ढलको पाइप जोडिएको छ।

विश्व स्वास्थ्य संगठन ( डब्लूएचओ) का विज्ञहरूले गरेको पनि ढल र खानेपानी एकै ठाउँमा भएकाले बीचमा कतैबाट पाइप फुटेर हैजा फैलिएको आंशका गरेका छन्।

**किन स्रोत पत्ता लागेन ?**

यसको जवाफ सरल छ। हैजा फैलिन थालेपछि स्थानीय सरकारले पानी स्रोत भएको सबै ठाँउमा शुद्धीकरण गर्ने क्लोरिनको प्रयोग गऱ्यो। जसको कारण हैजाका जीवाणु नष्ट भए। पछि परीक्षण गर्दा पानीमा हैजा पुष्टि भएन। स्वास्थ्यमन्त्री प्रदीप पौडेलले क्लोरिन प्रयोग गरिएका कारण हैजा फैलिएको ठाउँ पुष्टि हुन नसकेको बताए। 'खानेपानीको ट्यांकीमा पनि क्लोरिन, घरघरमा भएको ट्यांकीमा पनि क्लोरिनको प्रयोग गरिएको छ,' मन्त्री पौडेलले भने, 'जसका कारण ढलको मिसावटको कारणले हो कि होइन पत्ता लगाउन गाह्रो भयो।' क्लोरिन प्रयोग गरिएको पानीमा भिब्रियो कलेरा ( हैजाका जीवाणु) को वृद्धि सम्भव छैन। 'सफा पानी वा क्लोरिनले उपचार गरिएको पानीमा भिब्रियो कलेरा देखिनै सक्दैन,' मरासिनी भन्छन्, 'अहिले सबैतिर क्लोरिन हालेको पानी छ। क्लोरिनले हैजाको जीवाणु सबै मारिदिन्छ र देखिँदैन।'

मरासिनीका अनुसार क्लोरिन नहाली पानीको नुमना लिएको भए कहाँबाट फैलिएको छ भन्ने कुरा सहज रूपमा पत्ता लगाउन सकिन्थ्यो। पानीको मुल स्रोतमा भएको प्रदूषण र त्यसको दीर्घकालीन समाधानमा भने अझै पनि चुनौती रहेको उनको भनाइ छ।

पानीको स्रोतमा नै समस्या पहिचान गरी समाधान नगरेसम्म जोखिम यथावत् डा. मरासिनी बताउँछन्। अहिलेको अवस्थामा, प्रदूषित पानीको विकल्प नभएका क्षेत्रहरूमा नागरिकहरू सोही पानी प्रयोग गर्न बाध्य छन्। यसले भविष्यमा पानीजन्य रोगहरूको संक्रमण पुनः फैलिन सक्ने जोखिम बढाएको छ। 'पानीको मुहानमा रहेको प्रदूषणको स्रोत पहिचान गरी त्यसलाई नियन्त्रण नगर्दा क्लोरिन प्रयोग बन्द हुने बित्तिकै वा केही समयपछि फेरि पनि पानीजन्य रोगहरूको जोखिम बढ्छ,' डा. मरासिनी भन्छन्।

पछिल्ला दिनमा केही दिनमा अस्पतालमा आउने बिरामी विस्तारै घटेका छन्। डा. सिंहका अनुसार नारायणी अस्पतालमा एकैदिन ५० भन्दा बढी बिरामी आउँथे। तीमध्ये धेरैलाई भर्ना गरेर बोतलको पानी चढाउनुपर्ने अवस्था हुन्थ्यो। तर पछिल्ला तीन दिनमा दैनिक बिरामीको संख्या आधा घटेर करिब ३० को हाराहारीमा पुगेको छ। अधिकांशलाई केही घण्टा उपचारपछि डिस्चार्ज गर्न सकिने अवस्था आएको छ।

पछिल्लो तथ्यांक अनुसार वीरगञ्जका २१ वटा अस्पतालमा ८४ जना हैजाका बिरामीहरूको उपचार भइरहेको छ। जसमध्ये १४ जना आईसीयू र २ जना एचडीयूमा उपचाररत छन्। हालसम्म झाडापखला र हैजाको लक्षण लिएर झन्डै एक हजार जना बिरामी अस्पताल पुगेका छन्।

'अब प्रकोप न्यून हुँदै गएको छ। दुई–तीन दिनमै सामान्य अवस्थामा फर्किन्छ भन्ने अपेक्षा छ,' डा. सिंह भन्छन्। अनलाइनखबरबाट

# फेसबुकसहितका सामाजिक सञ्जाल सूचीकृतका लागि अहिलेसम्म सम्पर्कमा आएनन्

काठमाडौं, १८ भदौ। सरकारले सूचना जारी गरेर सामाजिक सञ्जाल सूचीकरणका लागि दिएको समयसीमा अन्तर्गत अन्तिम दिन हो। सरकारले यही भदौ १२ गते सार्वजनिक सूचना निकालेर अहिले नेपालमा चलिरहेका र नेपाल आउने तयारी गरिरहेका सामाजिक सञ्जाललाई अनिवार्य सूचीकरणका लागि भन्दै सात दिने सूचना निकालेको थियो। सूचना अनुसार आज राति १२ बजेअघि सूचीकरणका लागि सम्पर्कमा आइसक्नुपर्छ। तर आज दिउँसो पौने ५ बजेसम्म कुनै पनि सामाजिक सञ्जाल सम्पर्कमा नआएका सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले जानकारी दिनुभयो।

मन्त्रिपरिषद्ले निर्णय गरेर सामाजिक सञ्जाल सूचीकृत नभएमा बन्द गरिदिने चेतावनी दिएको हो। सामाजिक सञ्जालले बुधबार राति १२ बजेसम्म एउटा मेल मात्रै गरेमा पनि कारबाही प्रक्रिया अघि नबढाउने तर कुनै सम्पर्क नगरेमा मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा जाने प्रवक्ता ठाकुरले बताउनुभयो। सरकारले यसअघि टिकटकमाथि प्रतिबन्ध लगाएकोमा नेपालमा सूचीकृत हुन आएसँगै पुनः सञ्चालनमा आएको छ। केही समयअघि सरकारले टेलिग्रामलाई नेपालमा निष्क्रिय गरेको छ। अहिले विशेषगरी मेटा कम्पनीका फेसबुकलगायतका सञ्जाल र ट्विटर भनिने 'एक्स' लाई लिएर धेरैले चासो राखेका छन्।

सरकारले समयसीमा दिएपछि मेटा कम्पनीले सरकारसँग सम्पर्क गरेको छैन तर यही बीचमा कन्टेन्ट मनिटाइजेसन कार्यक्रम औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ। कम्पनीले यो सेवा आधिकारिक रूपमा नेपालमा शुरू भएको जानकारी दिन थालेको हो। सरकारले बन्द गर्ने धम्की दिइरहेका बेला प्रयोगकर्तालाई पैसा कमाउन सकिने सुविधा दिएर सरकारप्रति उल्टो दबाव सिर्जना गरेको आईटी विज्ञहरू बताउँछन्।

## सिरहा सदरमुकाममा...

मञ्चको आरोप छ।

मञ्चले ऱ्याली प्रदर्शनपछि प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै घटनाको विस्तृत छानबिन गरी संलग्न चिकित्सकलाई कानुनी कारबाहीको दायरामा ल्याउन माग गरेको छ। यस्तै, सिरहा अस्पतालमा सर्पदंश उपचारको व्यवस्था, आईसीयू र भेन्टिलेटरको व्यवस्था गर्न पनि मञ्चले माग गरेको छ। एक साताभित्र आफूहरूको माग सम्बोधन नभए कडा आन्दोलन गर्न बाध्य हुने मञ्चका अध्यक्ष रामरिझन यादवले चेतावनी दिए।

# फोहोर व्यवस्थापनमा सहयोग गर्न प्रदेश सरकार तयार छ

**शेष नारायण यादव**

जनकपुरधाम मधेस प्रदेशको राजधानीमात्र नभएर धार्मिक–ऐतिहासिक महत्त्व बोकेको एउटा सहर पनि हो। यहाँका मठ–मन्दिर, खासगरी राम र जानकी मन्दिर दर्शन गर्न नेपालका विभिन्न स्थानबाट दैनिक कैयौं मान्छे आउँछन्। भारतबाट पनि तीर्थयात्री आउने गर्दछन्। प्रदेश राजधानी भइसकेपछि यहाँ मधेस प्रदेशको प्रशासनिक केन्द्र पनि छ। त्यसैले स्वाभाविक रूपमा प्रदेशका ८ जिल्लाको केन्द्रबिन्दु जनकपुरधाम बनेको छ। पछिल्ला वर्ष जनकपुरधामको फोहोर व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको देखिन्छ। नगर क्षेत्रमा थुप्रिएको फोहोरले सहरको सौन्दर्यलाई बिगारेको मात्र होइन, प्रदूषण बढाएर स्थानीयवासीको स्वास्थ्यमा जोखिम निम्त्याउने र यहाँ आउने स्वदेशी तथा विदेशी पर्यटकमा यो सहरलाई हेर्ने दृष्टिकोण नै नकारात्मक बनाउने गर्दछ।

संघीयताको अभ्यास अन्तर्गत देशमा तीन तहका सरकार छन्। संविधानतः तीनै तहका सरकारका आ–आफ्नै जिम्मेवारी, काम, कर्तव्य र अधिकार छन्। आधारभूत स्वास्थ्य तथा सरसफाइको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। यसो भन्दैमा जनकपुरधामको सरसफाइको जिम्मेवारी ज न क पु र धा म उपमहानगरपालिकाको हो भनेर प्रदेश वा संघ सरकार उदासीन बसेर बसिरहन पनि मिल्दैन। आवश्यक परेको ठाउँमा स्थानीय तहलाई प्रदेश र संघले सहयोग गर्नुपर्छ। मधेस प्रदेश सरकार आवश्यकता अनुसार फोहोर व्यवस्थापनमा जनकपुर उपमहानगरपालिकालाई सहयोग गर्न तयार छ।

फोहोर व्यवस्थापनका लागि जनकपुर उपमहानगरले काम नै नगरेको पनि होइन। यस अघिका मेयरदेखि बहालवाला मेयरसम्मले डम्पिङ साइट निर्माणका लागि आफ्नो क्षमताले भ्याएसम्म पहल गरेकै हो। यद्यपि फोहोरलाई स्थायी रूपमा विसर्जन गर्ने स्थलको अभावमा दिगो समाधान हुन सकेको छैन। यही चुनौतीका बिच मधेस प्रदेश सरकारको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले जनकपुरधामलाई फोहरमुक्त सहर बनाउने नीति अघि सारेको छ। यस अतिरिक्त स्थानीय तहकै योजनामा फोहोर व्यवस्थापन, सहरको सरसफाइका लागि उपमहानगरपालिकाले प्रदेश सरकारको सहयोग आवश्यक ठानेमा हामी आफ्नो स्रोत–साधनले भ्याएसम्म सहयोग उपलब्ध गराउन तयार छौं।

वास्तवमा फोहोर व्यवस्थापनको समस्या आफैंमा चुनौतीपूर्ण छ। यो सहरका स्थायी बासिन्दामात्र नभएर बाहिरबाट आउने पर्यटक, व्यवसायी लगायतबाट पनि फोहोर सिर्जना हुन्छ। सहरका मुख्य ठाउँमा फोहोर राख्ने भाँडो राखिदिनेमात्र होइन, मानिसलाई जथाभावी फोहोर फाल्न हुँदैन भन्ने जनचेतना जागृत गराई त्यही भाँडोमा फोहोर विसर्जन गर्न प्रेरित गर्न सकेमा एक हदसम्म फोहोरको समस्याको अल्पकालीन समाधान हुन्छ। टोलमा निश्चित समयमा सफाइकर्मी गएर फोहोर उठाउने, त्यसलाई डम्पिङ साइटमा लगेर विसर्जन गर्ने, मुख्य चोक तथा सडक आसपास फोहोर फाल्न नदिने विषयलाई जनचेतनामार्फत अघि बढाउन सकिन्छ। स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले यस्ता भूमिकाको



अग्रपङ्क्तिमा रहेर उसले नै पहल गर्नुपर्छ। स्थानीय तहले सहयोग चाहेमा आफ्नो स्रोत–साधन अनुसार सहयोगका लागि प्रदेश सरकार तयार छ।

जनकपुरधाममा मुख्य समस्या डम्पिङ साइटको छ। जनकपुरधामको फोहोर सम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले स्थायी डम्पिङ साइट निर्माण गर्ने विषयमा तीनै तहका सरकार गम्भीर भएर काम गरिरहेका छन्। मलाई विश्वास छ, यसले चाँडै नै एउटा नतिजा ल्याउँछ। डम्पिङ साइट भनेको फोहोर विसर्जन गर्ने ठाउँमात्र नभएर आम्दानी गर्ने ठाउँ पनि बन्न सक्छ। यहाँ प्रत्यक्ष–अप्रत्यक्ष रूपमा धेरैले रोजगारी पाउने अवस्था बन्छ। म सबै सरोकारवालालाई अनुरोध गर्न चाहन्छु कि डम्पिङ साइट स्थापना गर्ने वातावरण सिर्जना गरौं। यसपछि त्यहाँबाट मल उत्पादन गर्न सकिन्छ, जसलाई करेसाबारीदेखि खेतबारीसम्म प्रयोग गर्न सकिने छ। यसले तरकारी तथा अन्न उत्पादनमा सहजता ल्याउनेछ र बजार व्यवस्थामा समेत सकारात्मक प्रभाव पार्नेछ। पुनः प्रयोग गर्न मिल्ने खालका वस्तुलाई छुट्याएर त्यसबाट थप आम्दानी लिन सकिन्छ। सबैभन्दा मुख्य कुरा त, सहरलाई स्वच्छ र सफा राख्न डम्पिङ साइट अति आवश्यक छ।

कुहिने खालको फोहरलाई अधिकतम एक घण्टाभित्रै व्यवस्थित गर्न जरुरी हुन्छ। किनभने लामो समयसम्म फोहोर राख्दा दुर्गन्ध फैलिन्छ र वातावरण प्रदूषित हुन्छ। यसले विभिन्न स्वास्थ्य समस्या निम्त्याउँछ। यस्तो अवस्थामा आन्तरिक तथा बाह्य पर्यटकमा पनि जनकपुरधामलाई 'फोहोर सहर'को छाप पर्न सक्छ। त्यसैले स्थानीय तह र अन्य पालिकासँग समन्वय गर्दै हामी फोहोर व्यवस्थापनमा अघि बढ्न जरुरी छ। जनकपुरधाममा डम्पिङ साइटका लागि उपयुक्त स्थानको करिब–करिब पहिचान भइसकेको छ। यसका लागि सबै सरोकारवाला, राजनीतिक, सामाजिक र नागरिक समाजका अगुवा मिलेर इमानदारीपूर्वक काम गर्न जरुरी हुन्छ। यसो गर्न सकेमा डम्पिङ साइट स्थापना सम्भव छ। यदि डम्पिङ साइट बनेन भने जनकपुरधामको वरिपरिको फोहोर कहाँ फ्याल्ने, कसरी राख्ने र व्यवस्थापन गर्ने भन्ने गम्भीर समस्या उत्पन्न हुन्छ। नदीनालामा फोहोर फालियो भने वातावरण प्रदूषित हुन्छ। त्यसैले डम्पिङ साइट अपरिहार्य छ।

मधेस प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले जनकपुरधाममा दातृ संस्था तथा स्थानीय सरकारसँग समन्वय गरी सरसफाइलाई व्यवस्थित गर्ने दिशामा काम अघि बढाइसकेको छ। यसका लागि विभिन्न संघ–संस्थासँग छलफल भइरहेको छ। पसल तथा घरबाट निस्कने फोहोरलाई तत्काल व्यवस्थापन गर्ने विषयमा स्थानीय तहहरू सजग र सक्रिय हुन आवश्यक छ। यसलाई छिटो र प्रभावकारी ढंगले व्यवस्थापन गर्न मन्त्रालयले विशेष नीति तयार गर्नेछ। खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अर्थात् 'वास प्लान' तयार गरेर कार्यान्वयनमा लैजाने प्रक्रिया सुरु भएको छ। 'वास प्लान'ले खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाएर सेवाबाट वञ्चित समुदाय तथा क्षेत्रका लागि आवश्यक योजना निर्माण गर्न मद्दत गर्छ।

प्रदेश सरकारले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयमार्फत स्थानीय तहसँग समन्वय गरी विभिन्न पालिकामा 'वास प्लान' सुरु गरेको छ। यसलाई सबै पालिकामा क्रमिक रूपमा विस्तार गर्ने योजना छ। यस योजनाअन्तर्गत विभिन्न निकाय र सरसफाइमा काम गर्ने संघ–संस्थासँग सहकार्य गरी प्रत्येक पालिकाको 'वास प्लान' तयार गरिनेछ र त्यस अनुसार चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। जनकपुरधामसहित मधेस प्रदेशका आठै जिल्लाका विभिन्न स्थानीय तहलाई लक्षित गर्दै मन्त्रालयले आवश्यक बजेट पनि विनियोजन गरेको छ।

(मधेस प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेष नारायण यादवसँग रातोपाटी संवाददाता नवीन प्रियदर्शीले गरेको कुराकानीमा आधारित।) रातोपाटीबाट

# जनकपुरधाममा अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी हुने

**लक्ष्मी चौधरी**

जनकपुरधाम, १८ भदौ। जनकपुरधाममा आगामी कात्तिक २७ देखि ३० गतेसम्म पहिलो पटक अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी २०२५ आयोजना हुने भएको छ। मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले घरेलु, साना तथा मझौला उद्योगहरूको प्रवर्धन गर्ने उद्देश्यले यो प्रदर्शनी आयोजना हुन लागेको हो। उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कुशवाहाले चार दिनसम्म चल्ने यस कार्यक्रममा घरेलु तथा साना उद्योगहरूको स्थापनाका लागि आवश्यक अत्याधुनिक उपकरण, मेसिनरी सामग्री र उत्पादनहरूको प्रदर्शनी गरिने बताउनुभयो। उहाँले प्रदर्शनीमा उद्योग सञ्चालन, व्यवस्थापन, वित्तीय जानकारी तथा बजार विस्तारसम्बन्धी विशेष तालिम र परामर्श पनि दिइने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो प्रदर्शनीले स्थानीय उद्योगलाई अन्तर्राष्ट्रिय बजारमा जोड्न र नयाँ प्रविधिबारे जानकारी दिन महत्त्वपूर्ण भूमिका खेल्ने छ।"

यस प्रदर्शनीमा घरेलु, साना तथा मझौला उद्योगहरूको प्रवर्धनका लागि भारत, बङ्गलादेश, इन्डोनेसियालगायत पाँचभन्दा बढी राष्ट्रका उत्पादक संस्थाहरूको सहभागीता रहने अनुमान गरिएको गरिछ भने प्रदर्शनीको सम्पूर्ण जिम्मेवारी सिया इभेन्टसले गरिरहेको बताउनुभयो। प्रदर्शनीमा उद्योग स्थापनाका लागि आवश्यक अत्याधुनिक उपकरण, मेसिनरी र उत्पादनहरूको प्रदर्शनी गरिने छ। यसका साथै, उद्योग सञ्चालन, व्यवस्थापन, वित्तीय जानकारी र बजार विस्तारसम्बन्धी विशेष तालिम र परामर्श सत्रहरू पनि सञ्चालन गरिने छ। प्रदेश सरकारको यो पहलले स्थानीय उद्योगीलाई नयाँ प्रविधि र वित्तीय ज्ञान प्रदान गरी उनीहरूको व्यवसाय विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सिँचाइका लागि विद्युतीय मोटरकै भर

सर्लाही, १८ भदौ। सर्लाहीका किसान धानबालीमा सिँचाइका लागि विद्युतीय मोटरको भर पर्न बाध्य भएका छन्। यो वर्ष किसानले धान रोपाइँका लागि पानीको अभाव झेल्नु परेको थियो। जसोतसो धान रोपाइँ गरेका किसानले अहिले गोड्ने बेलामा पनि विद्युतीय मोटर नै चलाएर बाली सुक्नबाट जोगाइरहेका छन्। हरिपुर नगरपालिका–७, चिताइनका जयनारायण चौधरी आकासे वर्षा नहुँदा दिनरात विद्युतीय मोटर नै चलाएर धान खेतमा पानी लगाउनु परेको बताउनुहुन्छ।

साउन मध्यतिर केही दिन आकासे वर्षा भएपछि किसानलाई राहत मिलेको थियो। त्यसपछि भने पुनः वर्षा हुन छाडेसँगै सिँचाइको समस्या परेको हो। वर्षा नभएकाले यहाँका अधिकांश खोला सुकेका छन्। बागमती सिँचाइ आयोजनाबाट पर्याप्त पानी वितरण नहुँदा तल्लो भेगको नहरसम्म पर्याप्त पानी पुग्न सकेको छैन। लालबन्दी नगरपालिका–४, हरिभवनका किसान केदार कार्कीले बागमती सिँचाइ आयोजनाले नहरमा थोरै मात्रामा छाडेको पानी पालो लगाएर पढाउने गरेको भए पनि अपुग रहेको गुनासो गर्नुभयो।

आकासे वर्षा नभए पनि मोटर चलाएर पानी आउने ठाउँका किसानले सिँचाइ गरिरहे पनि भूमिगत पानी नआउने ठाउँका किसान भने समस्यामा परेका छन्। सुक्खा क्षेत्रमा पर्ने सर्लाहीको पूर्वपश्चिम राजमार्गदेखि उत्तरतर्फ पूर्ण रूपमा आकासे वर्षाको भर रहेको छ। पानी नपरेर सुक्खा बढ्दा विद्युतीय मोटरको प्रयोग बढेर नेपाल विद्युत् प्राधिकरणलाई पुनः भार व्यवस्थापन गर्न समस्या पर्न थालेको छ।



# धोखाधडीको विवादबीच शिल्पा शेट्टीले बन्द गरिन् रेस्टुरेन्ट

बलिउड अभिनेत्री शिल्पा शेट्टीको लोकप्रिय रेस्टुरेन्ट बास्टियन बन्द हुने भएको छ। यो रेस्टुरेन्ट मुम्बईको बान्द्रामा अवस्थित छ। शिल्पा आफैंले यसको घोषणा गरेकी छिन् र यसलाई 'एक युगको अन्त्य'को रुपमा टिप्पणी गरेकी छन्। शिल्पाले इन्स्टाग्राम अकाउन्टमा 'बास्टियन' बन्द भएको घोषणा गर्दै भावुक हुँदै लेखेकी छिन्, 'यो बिहीबार एक युगको अन्त्य हुनेछ किनकि हामीले मुम्बईको सबैभन्दा प्रतिष्ठित गन्तव्यमध्ये एक बास्टियन बान्द्रालाई बिदाइ गर्नेछौं।' उनी अघि लेख्छिन्, 'यो त्यो ठाउँ हो जसले हामीलाई अनगिन्ती सम्झना, अविस्मरणीय रात र क्षण दियो, जसले शहरको रात्रि जीवनलाई आकार दियो। अब यो ठाउँले आफ्नो अन्तिम पर्दा छोप्दैछ।'

अभिनेत्रीले अगाडि लेखेकी छिन्, 'यस पौराणिक ठाउँलाई सम्मान गर्न, हामी हाम्रा नजिकका पाहुनाका लागि एक विशेष साँझको आयोजना गर्दैछौं, जुन पुरानो याद, ऊर्जा र जादूले भरिएको रात हो, जहाँ बास्टियनले हामीलाई अहिलेसम्म दिएका सबै कुराको उत्सव मनाइनेछ।' यस पोस्टमा शिल्पाले रेस्टुरेन्ट बन्द हुनुको कारण बताएकी छैनन्। उनले यो रेस्टुरेन्ट सन् २०१६ मा रंजित बिन्द्रासँग मिलेर सुरु गरेकी थिइन्। यो ठाउँ मुम्बईको रात्रि जीवनमा धेरै लोकप्रिय थियो। अगस्टमा, मुम्बईका एक व्यापारी दीपक कोठारीले शिल्पा र उनका पति राज कुन्द्रा विरुद्ध ६० करोड भारु ठगीको आरोप लगाउँदै उजुरी दर्ता गरेका थिए। दीपक कोठारीका अनुसार उनले सन् २०१५ मा एजेन्ट राजेश आर्यमार्फत शिल्पा र कुन्द्रालाई भेटेका थिए।

त्यतिबेला दुवै जना बेस्ट डिल टिभीका निर्देशक थिए र शिल्पाको कम्पनीमा ८७] भन्दा बढी शेयर थियो। बैठकमा शिल्पा र कुन्द्राको कम्पनीलाई दीपकले ऋण दिने निर्णय भयो। यो विवाद चर्किँदै जाँदा, जुहू प्रहरी चौकीमा ठगी र जालसाजी अन्तर्गत मुद्दा दर्ता गरिएको थियो। रकम १० करोडभन्दा बढी भएकोले अनुसन्धान आर्थिक अपराध शाखालाई हस्तान्तरण गरिएको छ। इओडब्लुले यो मुद्दाको अनुसन्धान गरिरहेको छ।

# ट्रक र स्कार्पियो एकआपसमा ठोक्किँदा सात जना घाइते

प्रवीणकुमार शर्मा

रौतहट, १८ भदौ। रौतहटको चन्द्रपुर नगरपालिका -४ धनसर पुल नजिकै पूर्व-पश्चिम महेन्द्र राजमार्गमा ट्रक र स्कार्पियो एकआपसमा ठोक्किँदा सात जना घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ। बुधबार बिहान ४:३० बजे पोखरादेखि हरिवन सर्लाही आउँदै गरेको गण्डकी बि ए ए ०८०४ नम्बरको स्कार्पियो गाडी र विपरीत दिशाबाट जाँदै गरेको प्र- १ ०२-००१ ख ९४१० नम्बर को ट्रक एक आपसमा ठोक्किँदा स्कार्पियो र ट्रकका चालकसहित सातजना घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख लोकेन्द्र अधिकारीले जानकारी दिनुभयो।

सामान्य घाइतेहरुको हाइवे ट्रमा अस्पताल चन्द्रनिगाहपुरमा तथा गम्भीर घाइतेहरुको एलएस न्यूरो अस्पताल परवानीपुर, बारामा उपचार भइरहेको छ। हाइवे ट्रमा अस्पताल चन्द्रनिगाहपुरमा उपचार हुनेमा स्कार्पियो चालक कास्की जिल्ला पोखरा-११ का ४९ वर्षीय विष्णुप्रसाद पौडेल, सोही ठाउँका दामोदर अधिकारीको श्रीमती ५६ वर्षीया मीरा अधिकारी, पार्वती गुरुङ र ट्रक चालक बारा सिमरा जितपुर -२ बस्ने ३२ वर्षीय शिव आले मगर रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

स्कार्पियो गाडिमा सवार रोहन टण्डुकारको ५४ वर्षीया श्रीमती सोनु माया पाइजाकोको अवस्था गम्भीर छ। त्यस्तै मदन गुरुङको ३४ वर्षीय श्रीमती भगवती गुरुङको टाउको फुटेको छ तथा सोही ठाउँ वडा नम्बर १८ बस्ने ५७ वर्षीय वृद्धिमाया पुनको टाउकोमा सामान्य चोट लागेको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटका अनुसार तीनै जनाको एल एस न्यूरो अस्पताल परवानीपुर, बारामा उपचार भइरहेको छ। स्कार्पियोमा सवार कास्की जिल्ला पोखरा-११ बस्ने ६५ वर्षीय दामोदर अधिकारी र ट्रकका सहचालक धादिङ् जिल्ला नीलकनठ नगरपालिका - २ बस्ने २९ वर्षीय राजन थापा सकुशल रहेको ट्राफिक प्रहरीले जनाएको छ।

बिहान बाटो अवरुद्ध भए पछि घटनास्थलमा जिल्ला ट्राफिक प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको टोलीले अवरुद्ध बाटो सुचारु गराएको तथा स्कार्पियो गाडी र ट्रकलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ल्याइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख अधिकारिले जानकारी दिनुभयो।

# तेस्रो सन्तान जन्माउनेलाइ हेटौंडा महानगरले प्रोत्साहन गर्ने

हेटौंडा, १८ भदौ। बागमती प्रदेशको राजधानी हेटौंडामा स्थानीय सरकारले औद्योगिक र सामाजिक रुपान्तरणका ठूला योजना अघि सारेको छ। उपमहानगर प्रमुख मिना कुमारी लामाले ऐतिहासिक हेटौंडा कपडा उद्योग पुनः सञ्चालन, काठमाडौं-हेटौंडा रोपवे पुनर्जीवन, पाँच वर्षे शिक्षा रणनीति र तेस्रो सन्तान प्रोत्साहन नीति प्राथमिकतामा रहेको बताएकी छन्।

तीन वर्षअघि निर्वाचित भएकी लामाले आधा कार्यकाल सक्दा संघीय कानुनी अवरोध, बढ्दो बसाइँसराइ र स्रोतको सीमितता मुख्य चुनौती रहेको स्वीकार गरेकी छन्। तर उनले हेटौंडालाई राजधानी मात्र नभई आत्मनिर्भर औद्योगिक शहर बनाउने प्रतिबद्धता जनाएकी छन्। बन्द भएको हेटौंडा कपडा उद्योग पुनर्जीवनका लागि संघीय उद्योग मन्त्रालयसँग छलफल भइरहेको लामाले जानकारी दिइन्। हजारौं रोजगारी सृजना गर्न सक्ने यो उद्योगलाई पुनः सञ्चालन गर्न कानुनी व्यवस्था मिलाउनुपर्ने उनको भनाइ छ।

त्यस्तै, नेपालको पहिलो रोपवेका रूपमा चिनिने काठमाडौं-हेटौंडा रोपवेलाई पनि आधुनिक प्रविधि प्रयोग गरी पुनः सञ्चालन गर्ने सम्भावनाबारे अध्ययन भइरहेको उनले बताएकी छन्। उपमहानगरले पाँच वर्षे शिक्षा रणनीति लागू गर्दै मेगा विद्यालय अवधारणा ल्याएको उनले जानकारी दिइन्। गुणस्तरीय शिक्षक, यातायात सुविधा र प्रविधिमैत्री शिक्षा यस योजनाका मूल आधार हुन्।

हेटौंडा चार वटा राष्ट्रिय राजमार्ग जोडिएको शहर भएकाले बसाइँसराइ बढ्दो छ। सडक, खानेपानी, शिक्षा, स्वास्थ्य र आवासमा दबाब चर्किँदै गएको अवस्थामा उपमहानगरले संघीय र प्रदेश सरकारसँग साझेदारीमा काम अगाडि बढाइरहेको लामाको भनाइ छ। लामाले तीन वर्षमा स्थानीय राजस्वबाट कृषि प्रवर्द्धन, किसानलाई मलदेखि पुँजीसम्म सहयोग, ड्र्यागन फल, मेवा, केरा जस्ता उत्पादनको निर्यात वृद्धि र आठ हजार घरपरिवारलाई निःशुल्क पानी वितरणलगायत उपलब्धि उल्लेख गरिन्। प्रमुख मिना कुमारी लामासँग सोधिएका १० प्रश्न र तिनका जवाफको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ।

# अस्पतालको मुख्य गेट नै बन्द



**सुधा देव**

सप्तरी, १८ भदौ। राजविराजको मुटुमा रहेको जिल्लाको एकमात्र सुविधासम्पन्न सरकारी अस्पताल गजेन्द्रनारायण सिंह अस्पतालको मुख्य गेट बन्द भएपछि बिरामीले सास्ती व्यहोर्नुपरेको छ। अस्पतालको पश्चिममा रहेको मूल गेट बन्द भएको ६ महिनाभन्दा बढी भइसक्दा समेत खुल्न नसकेपछि बिरामीले समस्या भोग्नुपरेको स्थानीयले बताउनुभएको छ। यस अस्पतालको मुख्य गेट पश्चिमतर्फ र अर्को गेट उत्तरतर्फ रहे पनि पश्चिमतिरको गेट पूर्णरूपमा बन्द भएपछि अहिले अस्पतालको उत्तरतर्फको एकमात्र गेट सञ्चालनमा भएपछि पश्चिमतिरको गेटबाट अस्पतालभित्र आउने जाने बिरामीलाई समस्या हुँदै आएको हो।

अस्पताल जस्तो संवेदनशील स्थानको गेट बन्द राख्न कति उचित हो ? स्थानीय कंचन झाले भन्नुभयो। खोल्न स्थानीयले पटकपटक निवेदन दिँदा पनि सुनुवाइ नभएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "गेट बन्द भएका कारण यो गेटबाट दिनहुँ दर्जनौं सिकिस्त बिरामी फर्कनुपर्ने बाध्यता छ। सिकिस्त बिरामीलाई कतिबेला अस्पताल पुगेर उपचार सुरू होस् हुन्छ। यहाँ आइपुग्दा गेट नै बन्द रहन्छ। तर पनि अस्पताल प्रशासन मौन छ।" अस्पतालमा भएको गेटहरू खुला हुनुपर्छ, तर मेन गेट नै बन्द भएपछि बिरामीले सास्ती मात्र ब्यहोर्नुपरेको छैन। कति विरामी त समयमा अस्पताल पुग्न नसकेर ज्यान गुमाउनुपरेको स्थानीय खेलानन्द दासले बताउनुभयो। उहाँले भन्नुभयो, "अस्पताल प्रशासनको बदमासी र कमिसनको खेलका कारण सुनुवाइ नभएको अवस्था छ।"

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाशप्रसाद साहले स्वास्थ्यकर्मीहरूको आवासको छेउमा गेट भएकोले बन्द भएको बताउनुभयो।

# खरिदार २ लाख रुपैयाँ घुससहित पक्राउ

काठमाडौं, १८ भदौ। जिल्ला मालपोत कार्यालय काभ्रेका खरिदार ज्ञानेन्द्रप्रसाद भण्डारी दुई लाख रुपैयाँ घुससहित पक्राउ परेका छन्। भण्डारीलाई फिल्डबुकमा दर्ता छुट भएको जग्गाधनीको नाममा दर्ता गर्न सेवाग्राहीसँग घुस लिएको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले रङ्गेहात पक्राउ गरेको हो। कार्यालय परिसरबाटै पक्राउ परेका खरिदार भण्डारीमाथि अनुसन्धान भइरहेको आयोगका प्रवक्ता एवम् सहसचिव राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

# भन्सार छलीका सामान बरामद

सप्तरी, १८ भदौ। सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट नियन्त्रणमा लिएको भन्सार छलीका सामान भन्सारमा बुझाएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीले बुधबार दिएको जानकारी अनुसार अवैध रुपमा भारतबाट भन्सार छली तथा चोरी पैठारीको समान र सवारी साधन जिल्लाका विभिन्न स्थानबाट नियन्त्रणमा लिइएको थियो। साइकल तथा मोटरसाइकलमा ल्याउँदै गरेको कपडा र किराना समानका साथै सवारी साधनसहित नियन्त्रणमा लिएर भन्सारमा बुझाएको हो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)